कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

मिति: २०७१।६।२६

# पशुविज्ञान, पशुचिकित्सा र मत्स्य विज्ञान संकायको स्नातकोत्तर तथा विद्यावारिधी तहको

## विद्यार्थी भर्ना सम्बन्धि सूचना

शैक्षिक वर्ष २०७१/७२ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगत पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन गरिने स्नातकोत्तर तथा विद्यावारिधी तह अर्न्तगत निम्न विषयहरुमा भर्ना हूनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पूगेका इच्छूक व्यक्तिहरुले निम्न अनूसारको सर्त पालना गर्ने गरी आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाणपत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति सहित रितपुर्वकको आवदेन फारम भरी तोकिएको म्याद भित्र यस संकायको डीनको कार्यालयमा बूझाउनू हून सम्वन्धित सबैलाई सुचित गरिन्छ । अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुले Migration Certificate को हकमा भर्ना भई AFU मा नाम दर्ता गर्ने समयमा सक्कलै प्रति पेश गर्नु पर्नेछ । म्याद नाघि वा रित नपुगि प्राप्त हुनु आएको आवेदन फारम उपर कुनै कारवाहि गरिने छैन् ।

**क) एम.एस्सी. पशु विज्ञान तहमा अध्यापन हुने विषयहरु र अधिकतम विद्यार्थी संख्या:**

१. पशु उत्पादन तथा व्यबस्थापन : ६
२. पशु प्रजनन् : ३
३. पशु पोषण तथा चारा उत्पादन : ९

**आवश्यक न्यूनतम आवश्यक शैक्षिक योग्यता:**
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

**ख) एम.एस्सी. फिसरीज (एक्वाकल्चर)**

अधिकतम विद्यार्थी संख्या : ९

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा एम.एस्सी. (Zoology) मा इच्छाधिन Fisheries विषय वा वि.एफ.एस्सी. (Bachelor in Fisheries Science) को परीक्षा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

**ग) एम.भि.एस्सी. तहमा अध्यापन हुने विषयहरु र अधिकतम विद्यार्थी संख्या:**

१. मेडिसिन : ९
२. माइक्रोवायोलोजी : ३
३. फर्माकोलोजी : ३
४. थेरियोजेनोलोजी : ६

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

वि.भि.एस्सी. एण्ड ए.एच तह कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

१. **आवेदन फाराम वितरण:** २०७१ असोज २६ गते देखि मंसिर १ गते सम्म सम्वन्धित डीनको कार्यालयबाट वितरण गरिनेछ । साथै यस विश्वविद्यालयको website (www.afu.edu.np) बाट समेत download गर्न सकिनेछ । आवेदन फाराम र प्रवेश परीक्षा वापतको शूल्क दर्ता गराउने समयमा बूझाउनू पर्नेछ । अनलाईन फाराम भर्न इच्छूक आवेदकहरुले समेत सोही अवधि भित्र तोकिए बमोजिम शूल्क तिरी आवेदन दिन सक्नेछन् । आवेदन दिन चाहने विद्यार्थीहरुले यस संकायको नेपाल बैकको खाता न. २४-११-१५४४४ मा रकम जम्मा गरि सोको सक्कल भौचर आवेदनका साथ संलग्न गर्नुपर्नेछ । साथै, अनलाईन फाराम भर्नेहरुले यस संकायको नेपाल बैकको खाता नं. २४-११-१५४४४ मा रकम जम्मा गरि सोको सक्कल भौचर Scan गरि पठाउनु पर्नेछ र प्रवेशपत्र वितरण गरिने दिन सक्कल भौचर पेश गर्नु पर्नेछ ।

२. **आवेदन फाराम बूझाउने:** २०७१ असोज २६ गते देखि मंसिर १ गते सांझ ४ बजे सम्म सम्वन्धित डीनको कार्यालयमा बुझाउनु पर्नेछ ।

३. आवेदन फाराम वापतको शूल्क रु. ५०० र प्रवेश परीक्षा वापतको शूल्क रु. १५०० लाग्नेछ ।

४. **प्रवेश परीक्षा:** एम.भि.एस्सी. विषयको २०७१ मंसिर १० गते विहान ११:०० वजे, एम.एस्सी. पशुविज्ञान विषयको २०७१ मंसिर ११ गते विहान ११:०० बजे र एम.एस्सी. फिसरीज (एक्वाकल्चर) विषयको प्रवेश परीक्षा सोहि दिन दिनको १२.३० बजे सम्बन्धित डीनको कार्यालयमा संचालन हुनेछ ।

५. **भर्नाको आधार:** प्रवेश परीक्षालाई ९०% प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १०% प्रतिशत भार दिई तयार पारिएको Merit List अनूसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षामा ९० प्रश्नहरु हूनेछन् जसको लागि ७० मिनेट समय दिइनेछ ।

**घ) स्नातकोत्तर तह प्रवेश परिक्षाको लागि विषयगत प्रश्न भार** (Subject-wise weightage)

**एम.एस्सी. पशुविज्ञान तहका लागि - ९०**

Animal Nutrition, Fodder, Pasture, Range – 15, LPM & Dairy – 15, Animal Breeding -15,
Animal Health - 4, Aquaculture - 3, Plant Science - 10,
Social Sciences (Agriculture Economics + Agriculture Extension) -15,
Basic Sciences (Biochemistry + Statistics) - 10, General Knowledge – 3

**एम.एस्सी. फिसरीज (एक्वाकल्चर) तहका लागि - ९०**

Fisheries and Aquaculture - 50, Plant Science - 10, Animal Science - 10,
Social Science (Agriculture Economics + Agriculture Extension) - 10,
Basic Science (Biochemistry + Statistics) - 7, General Knowledge – 3

कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

एम.भि.एस्सी. तहका लागि - ९०

Medicine - 10, Gynecology - 10, Pathology - 8, Parasitology - 8, Microbiology – 8, Pharmacology - 8, Physiology - 3, Surgery - 5, Epidemiology and Public Health - 5,
Animal Science (Nutrition, Forage, Pasture, Breeding, LPM, Aquaculture) - 15,
Basic Science (Biochemistry + Statistics) - 7, General Knowledge - 3

ङ) यस शैक्षिक बर्षमा संचालन गरिने स्नातकोत्तर तहमा मेरीटको आधारमा विद्यार्थी भर्ना निर्धारण गरिएको छ । कुनै विषयमा १ जना मात्रै विद्यार्थी भएमा कक्षा संचालन गरिने छैन । सरकारी वा गैर सरकारी विभिन्न संघ/संस्थाबाट MOU बमोजिम मनोनयन भई आउने विद्यार्थीले प्रवेश परीक्षा दिनू पर्ने छैन । तर सम्बन्धित विषयमा स्नातक तह कम्तिमा द्धितिय श्रेणीमा पास गरेको हूनू पर्नेछ । हरेक विषयमा Competitive Student Subsidized शूल्कमा भर्ना हून सक्ने विद्यार्थी संख्या २ कायम गरीएको छ ।

च) **भर्ना सम्वन्धि कार्यक्रम**

**१.** एम.भि.एस्सी. तहको Merit List २०७१ मंसिर ११ गते र एम.एस्सी. पशुविज्ञान र एम.एस्सी. फिसरीज तहको Merit List मंसिर १२ गते प्रकाशित गरीने छ ।

२. **विद्यार्थी भर्ना हुने दिन:** २०७१ मंसिर १५ गते विहान ठिक ११ बजे ।

३. **कोर्ष रजिष्ट्रेशन:** २०७१ मंसिर २३ गते ।

छ) **विद्यावारीधि तह:** (Ph.D. by Course and Research तथा Ph.D. by Research)

**बिषयहरु:**

१. पशुविज्ञान    २. पशुचिकित्सा    ३. एक्वाकल्चर

**Ph.D. by Course and Research:**

**न्यूनतम आबश्यक शैक्षिक योग्यता:**

१. सम्बन्धित विषयको स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण भएको हूनू पर्नेछ ।
२. दुई वटा Recommendation letter पेश गर्नू पर्नेछ जसमा एउटा विश्वविद्यालयको प्रोफेसरबाट हूनू पर्नेछ ।

**Ph.D. by Research:**

**न्यूनतम आवश्यक शैक्षिक योग्यता:**

१. सम्वन्धित विषयको प्राज्ञिक/विकास/अनूसन्धानमा ३ वर्षको अनूभव हूनू पर्नेछ ।
२. सम्बन्धित विषयको स्नातकोत्तर तह कम्तीमा ६०% अङ्क ल्याई उत्तीर्ण भएको हूनू पर्नेछ ।
३. First author भई Peer Reviewed Journal मा कम्तीमा दूई वटा Scientific article प्रकाशित गरेको हूनू पर्नेछ ।

कृषि तथा वनविज्ञान विश्वविद्यालय
पशुविज्ञान, पशुचिकित्सा र मत्स्यविज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन ०५६ ५९२१३१
फ्याक्स ०५६ ५२६०१४

**ज**) थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयं बाट व्यवस्था हून् पर्नेछ ।

**झ**) छात्रावासको व्यवस्था हूने छैन ।

प्रा.डा. ईश्वरी प्रसाद ढकाल
डीन
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

**नोट:** आवेदन फारम बुझाउदा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा मिलाई बुझाउनु पर्नेछ

क) पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) स्नातक तह परीक्षाको लब्धाङ्क प्रमाण पत्र (Transcript)
घ) स्नातक तह चारित्रिक प्रमाण पत्र
ङ) स्नातक तहको Provisional Certificate
च) समानस्तर निर्धारणको प्रमाण (अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुको लागि)
छ) Migration Certificate (अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुको लागि)
ज) सक्कल बैंक भौचर